जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पदेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १३२ • २०८१ फागुन २० गते मंगलवार • 4 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## १५ दिने मिथिला माध्यमिकी यात्राका सहभागी जलेश्वरमा विश्राम गरी आज मडैं पुग्दै

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १९ फागुन**



'सियावर रामचन्द्रकी जय हो' एउटै वाणी, एउटै लय। मिथिला माध्यमिकी परिक्रमाका यात्रीको अचेल मन्त्र पनि यही, जाप पनि यही । प्राचीन मिथिलाका चार सुरका चार महादेव मन्दिरको १३३ किलोमिटरको वृत्तभित्र गरिने १५ दिने मिथिला माध्यमिकी यात्राका सहभागी आज पश्चिम सुरका महादेव श्री जलेश्वरनाथका काखमा छन्।

यात्राको पाँचौं दिन रात्रिबसका लागि आज जलेश्वर आइपुगेका यात्रीको श्री जलेश्वरनाथ मन्दिरमा गुञ्जने 'जयशम्भो' को स्वरमा लय मिसिँदो छ। कोही 'जय श्रीराम !' पुकार्दैछन्, कसैको 'जयशम्भो' को पुकारा सुनिन्छ । पिठ्यूँमा फेरफार लुगा र सामल खाजाको पोका, मन र वचनबाट श्रीराम नाम सङ्कीर्तन। माध्यमिकी परिक्रमाको पाँचौं दिन यात्री जलेश्वर पुग्दा जलेश्वरवासीले हार्दिक स्वागत गरेका छन्। यात्रीको सेवामा हरदम तत्पर छन्, जलेश्वरवासी। यात्राको पाँचौं दिनको विश्रामस्थल जलेश्वरस्थित परिक्रमा पोखरीका चारै डिल यात्रीले खचाखच छ।

नगरका सडक भरिभराउ छन् । श्रीराम र श्री जानकीजीको डोला दर्शन गर्न पुग्ने श्रद्धालुको भीड उत्तिकै छ । जलेश्वर नगरभरि स्वागतद्वार र ध्वजापताका सजाइएका छन्। आज जलेश्वर उजेलिएको छ, आज जलेश्वर चहकिएको छ । जताततै भीड छ, तर कोलाहल छैन, भक्तिभजनका स्वर गुञ्जिदाछन् । 'आजु जलेश्वर सुमङ्गल हे॥१' मिथिलाविहारी (श्रीराम) र किशोरीजी (श्री जानकी) को पदचाप पछ्याउने यात्राको ध्येय अनि कल्याण र मोक्षको कामना । अघि त्रेतायुगमा विवाहपश्चात् श्रीराम र जानकी तत्कालीन मिथिला (विदेह) राज्यका विभिन्न ठाउँमा घुम्दै विहार गरेका सम्झनामा १८औं शताब्दीमा माध्यमिकी परिक्रमा प्रारम्भ भएको मानिन्छ। मिथिलाको महाकुम्भ भनिने यो यात्रामा नेपाल र भारतका साधुसन्तको सरिकता हुँदै आएको छ।

गृहस्थ आश्रमका पनि १५ दिन सांसारिक मायाजाल पन्छाएर सरिक हुँदै आएका विगतदेखिको परम्परा छ। फागुन औँसीका दिन धनुषाको ठेराकचुरीस्थित मिथिलाविहारी स्थानबाट मिथिलाविहारी (श्रीराम) को प्रतिमा राखिएको डोला अघि लगाएर निस्कने यात्रामा जनकपुरधामको अग्निकुण्डस्थानबाट निस्कने किशोरीजी (जानकीजी) को डोला मिसिएपछि विधिवत् प्रारम्भ भएको यात्रा आज पाँचौं दिन जलेश्वर आइपुगेको हो। जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर र दुलहादुलही मन्दिरसहित पवित्र तलाउ गङ्गासागर एवं धनुषसागरको प्रदक्षिणा गर्दै पहिलो रात्रिबास धनुषाको हनुमानगढीमा बसेका यात्रीले यसअघि भारतको मधुवनी जिल्लाका कलना र फूलहरमा दोस्रो र तेस्रो दिन बिताई चौथो दिन हिजो मटिहानीबाट महोत्तरी प्रवेश गरेका हुन् । नेपाल र भारतका विभिन्न तीर्थस्थल घुम्दै १३३ किलोमिटरको यात्रा गरिने यो क्रममा १५ रात्रिबासको परम्परा छ । नेपालतर्फ महोत्तरी र धनुषा गरी १०७ र भारतर्फ मधुवनी जिल्लामा २६ किमी दूरी तय गरिन्छ।

यात्रा क्रममा धनुषामा छ, महोत्तरीमा पाँच र भारतको मधुवनीमा चार रात्रिविश्रामको परम्परा छ । महाशिवरात्रिलगत्तै प्रारम्भ हुने यो यात्रामा भगवान् सदाशिव र श्रीराम तथा जानकी समान रूपले पुकारा गरिने इष्टदेव मानिँदै आइएको छ। कूल १३३ किमीको वृत्ताकारभित्र चार सुरमा शिवालय छन् । पूर्वमा कल्याणेश्वरनाथ, पश्चिममा जलेश्वरनाथ, उत्तरमा क्षीरेश्वरनाथ र दक्षिणमा सतोखरनाथ। सदाशिवले यात्रा मङ्गलमय र कल्याणदायक बनाउने हिन्दू मैथिल जनविश्वास छ । डोला जहाँ पुग्छन्, दर्शन गर्नेको चाप हुन्छ। यो यात्रा नेपाल भारतबीच सांस्कृतिक, धार्मिक र आपसी कुटुम्ब सम्बन्धको अटुट परम्परा पनि भएको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ।

यात्राको चौथो दिन मटिहानीबाट महोत्तरी प्रवेश गरेको परिक्रमा यात्री टोली अब आठौँ दिनसम्म यसै जिल्लामा रहनेछन्। यस क्रममा आज पाँचौं दिन जलेश्वरमा रात्रिबास हुनेछ । मटिहानीमा जिल्लाको पहिलो रात्रिबास हुने परम्परा छ । यसैगरी छैटौं दिन मडै, सातौँ दिन ध्रुवकुण्ड र आठौँ दिन कञ्चनबन रात्रिबासपछि महोत्तरीको यात्रा पूरा हुने परम्परा छ। त्यसैगरी, हनुमानगढीमा पहिलो रात्रिबासबाट प्रारम्भ भएको यात्रामा नवौं, १०औं, ११औं, १२औं र अन्तिम रात १५औं गरी छ रात धनुषामा बस्ने परम्परा छ। जसमा क्रमशः पर्वता, धनुषाधाम, सतोखर, औरही र जनकपुरधामको रङ्गशाला मैदान पर्छन् । त्यस्तै, मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा दोस्रो कल्याणेश्वर, तेस्रो फुलहर, १३औं करूणा र १४औं दिन बिसौल रात्रिबासको परम्परा छ।

## स्थानीय जनप्रतिनिधि तथा सयौं स्थानीय बासिन्दाद्वारा नाराबाजी

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ फागुन**




धनुषाको विदेह नगरपालिकामा सीमा क्षेत्रमा खटिएको शस्त्र प्रहरीले स्थानीय जनतालाई किनमेल गर्न नदिएपछि स्थानीयस्तरमा असन्तोष चुलिएको छ । सीमा क्षेत्रमा तैनाथ शस्त्र प्रहरीको गतिविधिप्रति विरोध जनाउँदै स्थानीय जनप्रतिनिधि तथा सयौं स्थानीय बासिन्दाले नाराबाजी गरेका छन्।

विदेह नगरपालिकाका मेयर बेचन दासका अनुसार, शस्त्र प्रहरीका डिएसपी आए देखि घरायसी आवश्यकताका लागि पनि सीमापार जान नदिने गरेको र गाउँमा मात्रै तैनाथ रहेको प्रति स्थानीय आक्रोशित भएका छन्। हाल गाउँमा सिसिटिभी क्यामेरा जडान गरिएको छ, जसलाई स्थानीय बासिन्दाले अनावश्यक निगरानीको रूपमा लिएका छन् । विरोध प्रदर्शनका क्रममा मेयर दासले चेतावनी दिँदै भने, "यदि सिसिटिभी हटाइएन भने मशाल जुलुस निकाल्नेछौं।" उनका अनुसार, सीमावर्ती क्षेत्रका बासिन्दाहरू परम्परागत रूपमा सम्मान, भोजभतेर लगायतका गतिविधिका लागि सीमापार किनमेल गर्न जाँदै आएका थिए। तर, हाल शस्त्र प्रहरीका डिएसपी कडाइका कारण जनतालाई अनावश्यक सास्ती भएको उनले बताए। स्थानीय वडाध्यक्ष तथा सयौं स्थानीयको सहभागितामा भएको प्रदर्शनमा सरकारको नीतिको आलोचना गर्दै सीमा क्षेत्रमा सहज आवागमनको माग गरिएको छ । स्थानीय बासिन्दाहरूले आफ्नो परम्परागत जीवनशैलीलाई निरन्तरता दिन पाउनु पर्ने र शस्त्र प्रहरीले अनावश्यक हस्तक्षेप नगर्नु पर्ने माग राखेका छन् । प्रदर्शनका क्रममा 'सिसिटिभी हटाऊ१', 'स्थानीयलाई दु:ख दिन पाइँदैन' जस्ता नाराहरू लगाइएका थिए। स्थानीय प्रशासनले भने सुरक्षाको कारण देखाउँदै सिसिटिभी जडान गरिएको र सीमा क्षेत्रमा कडाइ गरिएको बताएको छ । स्थिति नियन्त्रणमा राख्नका लागि प्रशासन र स्थानीय प्रतिनिधिबीच वार्ता प्रयास भइरहेको छ।

## गर्भवती तथा सुत्केरीका लागि नि:शुल्क एम्बुलेन्स सेवा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ फागुन**




धनुषाको गणेशमान चारनाथ नगरपालिकाले गर्भवती तथा सुत्केरीका लागि नि:शुल्क एम्बुलेन्स सेवा थालनी गरेको छ। घरमा सुत्केरी हुने दरलाई शून्यमा झार्न तथा अस्पतालमा सुरक्षित रुपमा सुत्केरी गराउनका लागि अभिप्रेरित गराउने उद्देश्यका साथ एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको हो ।

नगरप्रमुख जितनारायण यादवले नगरक्षेत्रका गर्भवती तथा सुत्केरीका लागि नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको जानकारी दिनुभयो। उहाँले सुत्केरी भइसकेपछि पनि विभिन्न कारणले आमा तथा शिशुको स्वास्थ्य जोखिम हुन सक्ने र यसबाट जोगाउन एम्बुलेन्स सेवाले सहयोग पुग्ने बताउनुभयो । गरपालिकाले अन्य बिरामीलाई न्यून शुल्कमा उक्त एम्बुलेन्स सेवा उपलब्ध गराउने पनि जानकारी दिएको छ। गुणस्तरीय स्वास्थ्य सेवामा नागरिक पहुँच वृद्धि गर्न एम्बुलेन्स सेवाले सहयोग पुग्ने जनाइएको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




## किसानमैत्री नीतिको अभाव

*किसान सबैलाई बचाउने जीवन आधार हुन् । जसले खाद्य सुरक्षालाई सुनिश्चित गर्दै ग्रामीण अर्थतन्त्रलाई टेवा दिन्छन् । उनीहरू उचित पारिश्रमिक नपाएर सङ्घर्ष गरिरहेका छन् । पछिल्ला महिनामा लन्डनमा भएका किसान प्रदर्शनले कृषि क्षेत्रमा बढ्दो असन्तुष्टिलाई उजागर गरेका छन् । उत्पादन लागतको वृद्धिदर, सुपरमार्केटद्वारा किसानलाई दिइने न्यून मूल्य र अन्यायपूर्ण कर प्रणालीका कारण थुप्रै किसान टाट पल्टने अवस्थामा छन् । खेतीलाई साँच्चै सम्मानजनक र आवश्यक पेसा मान्ने हो भने विश्वभरका सरकारले तिनका लागि उपयुक्त नीति ल्याउन ढिला गर्नु हुँदैन ।*

*ब्रिटेनमा कृषि व्यवसाय सञ्चालन गर्न कठिन हुँदै गएको छ । किसानले बढ्दो इन्धन मूल्य, कृषि उपकरण मर्मत खर्च, श्रम लागत र अनिश्चित मौसम परिस्थितिको सामना गर्नु पर्छ । सुपरमार्केटले ब्रिटिस उत्पादनका लागि अस्वाभाविक रूपमा कम मूल्य तिर्दा किसान घाटामा काम गर्न बाध्य छन् । अर्कोतर्फ, ब्रिटेनमै उत्पादन गर्न सकिने खाद्यवस्तु अन्य सस्ता छिमेकी मुलुकबाट आयात हुँदा स्वदेशी किसानलाई झनै समस्या परेको छ ।*

*यो समस्या समाधान गर्न सरकारले यस्तो नीति अपनाउनु आवश्यक छ, जसले घरेलु उत्पादनलाई प्राथमिकता दिन सुपरमार्केटलाई प्रेरित गरोस् । सुपरमार्केटले स्वदेशी उत्पादनलाई उचित मूल्य तिरेर किन्नु पर्छ, जसले किसानलाई आर्थिक रूपमा सक्षम बनाउँछ । घरेलु उत्पादनलाई प्रोत्साहित गर्छ । खेतीलाई राष्ट्रिय रूपमा महत्वपूर्ण पेसाका रूपमा मान्यता दिइनु पर्छ । नेपालका किसानले पनि आजित भएर कहिले सडकमा दुध पोख्छन्, कहिले टिप्न ठिक्क परेको बन्दाकोभी जोत्छन् । उखु किसान माइतीघरमा आएर रुन्छन् उखुको पैसा चिनिमिलका मालिकले नदिएर । किसानका यस्ता वैश्विक समस्याको स्थायी समाधान खोजिनु पर्छ ।*

# अवैधरूपमा अस्पताल सञ्चालन गर्दै आइरहेका एकजना सञ्चालक पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १९ फागुन**

रौतहटको चन्द्रपुर-४ चन्द्रनिगाहपुरमा लामो समयदेखि अवैधरूपमा अस्पताल सञ्चालन गर्दै आइरहेका एकजना सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ।

गत शनिबार मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले अनुगमन गर्दा दर्ता नै नभएको भेटिएको सिभिल हुम्यान एण्ड रिसर्च सेन्टर चन्द्रनिगाहपुरका सञ्चालक राजन साहलाई प्रहरीले सोमबार बिहान पक्राउ गरेको हो। सो अस्पताललाई मुख्यमन्त्री सिंहसहितको अनुगमन टोलीले अस्पताल दर्ता गरेर मात्रै सञ्चालन गर्न पत्र दिएको थियो।

उक्त पत्रको अवज्ञा गरेर साहले अस्पताल खोलेको कारण सोमबार साहलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिनुभयो । पत्रको अवज्ञा गरेर अस्पताल सञ्चालन गरेको कारण उनलाई पक्राउ गरेको डिएसपी राईले बताउनुभयो। मुख्यमन्त्री सिंहले गत शनिबार चन्द्रनिगापुरका ११ वटा निजी अस्पतालको अनुगमन गर्नुभएको थियो । जसमा १० वटा अस्पताल दर्ता नभएका भेटिएका थिए।

एघार वटामध्ये चन्द्रपुर अस्पताल प्रालिले मात्रै अस्पताल सञ्चालनको अनुमति लिएको भेटिएको अनुगमन समितिका सदस्य सचिव सन्तोष ठाकुरले जानकारी दिनुभयो। मुख्यमन्त्री सिंहसहितले अनुगमन गरेको हाइवे ट्रमा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालि, सिभिल हुम्यान एण्ड रिसर्च सेन्टर, पब्लिक लाइफ केयर पोलिक्लिनिक, एपोलो सिटी अस्पताल, चपुरसिटी अस्पताल, हिमालय पोलीक्लिनिक, चन्द्रपुर, सामुदायिक अस्पताल, नमस्ते डेन्टल क्लिनिक, चन्द्रपुर अर्थोपेडिक अस्पताल र चन्द्रपुर आँखा तथा दाँत उपचार केन्द्र अहिले बन्द अवस्थामा रहेको डिएसपी राईले जानकारी दिनुभयो।

# वन प्राविधिक परिषद् गठन गर्न पैरवी



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ फागुन**

नेपाल वन प्राविधिक सङ्घले वन प्राविधिक परिषद् गठन गर्नका लागि पैरवी गर्ने भएको छ। सङ्घको स्वर्ण महोत्सवका अवसरमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष राकेश कर्णले परिषद् गठन गर्न पहल गर्ने भावी योजना रहेको बताए । अध्यक्ष कर्णले भने, “वनजन्य उत्पादनको दिगो व्यावसायिकीकरण गर्ने, वन संरक्षणमा नवीनतम् प्रविधि प्रयोग गर्दै ‘डिजिटल’ मापन प्रणालीको विकास गर्ने, जलवायु अनुकूल वन व्यवस्थापनका नीति तथा कार्यक्रम प्रवर्द्धन गर्ने तथा वन क्षेत्रका प्राविधिकको पेसागत सुरक्षाका लागि नीतिगत पैरवी गर्ने हाम्रो भावी योजना छ।”

सङ्घ २०३१ सालमा स्थापना भई नेपालका वन, वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण, वैज्ञानिक वन व्यवस्थापन र समुदायमा आधारित सहभागितामूलक वन कार्यक्रमको प्रवद्धनमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। सङ्घले वन क्षेत्रका प्राविधिकको क्षमता विकास, सशक्तिकरण गर्दै, वन, वातावरण तथा जैविक विविधता संरक्षणको क्षेत्रमा नीति निर्माणदेखि कार्यान्वयनसम्मको प्रक्रियामा पैरवी र पक्षपोषण गर्दै महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले उल्लेख गरे।

सङ्घले नेपालको वन क्षेत्रलाई दीर्घकालीन रूपमा व्यवस्थित गर्न विज्ञानमा आधारित वन व्यवस्थापन प्रणालीको अवधारणा, अभ्यास र नीति निर्माणमा सक्रिय भूमिका खेलेको छ। साथै सरकारी नीति निर्माण प्रक्रियामा महत्वपूर्ण परामर्श प्रदान गर्दै, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र व्यावसायिक वन व्यवस्थापनलाई प्रवर्द्धन गरिरहेको अध्यक्ष कर्णले बताए।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


### तपाईको टुडे

- मेष: मनमा पछुतो आउने
- वृष: लामो यात्राको योग छ
- मिथुन: अनावश्यक चिन्ता
- कर्कट: पिछडेको साथी मिल्ने
- सिंह: अनावश्यक खर्चको संभावना
- कन्या: आम्दानी हुने
- तुला: विचार गरेर बोल्नुहोला
- वृश्चिक: शुभ कार्यको शुरुवात
- धनु: खानपानमा समस्या आउने
- मकर: अशुभ समाचार प्राप्त हुने
- कुम्भ: मित्रतामा फाटो आउने
- मीन: पढाईमा ध्यान दिनुपर्ने



### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर


**पुजाआजा**


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# युक्रेनलाई मिसाइल किन्न बेलायतले थप १.६ अर्ब पाउण्ड दिने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ फागुन**



एक दर्जनभन्दा बढी पश्चिमी नेताहरूको सहभागितामा मध्य लन्डनमा रहेको ल्यान्कास्टर हाउसमा रक्षा शिखर सम्मेलन सम्पन्न भएको छ । बेलायती प्रधानमन्त्री केयर स्टारमरद्वारा आयोजित यो बैठक एक हप्ताको गहन कूटनीतिक वार्तापछि भएको थियो ।

युक्रेनको लागि शान्ति योजना अगाडि बढाउनमा केन्द्रित थियो । शिखर सम्मेलन पछि पत्रकार सम्मेलनमा स्टारमरले घोषणा बेलायतले युक्रेनलाई ५ हजार भन्दा बढी वायु रक्षा मिसाइलहरू किन्न १.६ अर्ब पाउण्ड ब्रिटिस निर्यात वित्त प्रयोग गर्न अनुमति दिने घोषणा गरे । उनले युक्रेनमा शान्तिको ग्यारेन्टी गर्न चार चरणको योजना पनि अनावरण गरे । एक दर्जनभन्दा बढी युरोपेली राष्ट्रप्रमुखहरू र क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडो लगायत पश्चिमी नेताहरू युक्रेनको शान्ति योजनालाई अगाडि बढाउने उद्देश्यले रक्षा शिखर सम्मेलनको लागि आइतबार लन्डनमा भेला भएका थिए । यसअघि बेलायतले युक्रेनको रक्षा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले युक्रेनलाई २.८ बिलियन डलर ऋण सहयोग सम्झौतामा हस्ताक्षर गरेको छ ।

# यस्तो छ आजको विदेशी मुद्राको विनिमयदर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ फागुन**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। आज अमेरिकी एक डलर खरिददर १३९ रुपैयाँ ७० पैसामा खरिद तथा १४० रुपैयाँ ३० पैसामा बिक्री हुने छ भने भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

यसैगरी, युरो एकको खरिददर १४४ रुपैयाँ ९५ पैसा र बिक्रीदर १४५ रुपैयाँ ५८ पैसा, स्टर्लिङ पाउण्ड एकको खरिददर १७५ रुपैयाँ ७२ पैसा र बिक्रीदर १७६ रुपैयाँ ४८ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५४ रुपैयाँ ६३ पैसा र बिक्रीदर १५५ रुपैयाँ २९ पैसा निर्धारण भएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ७३ पैसा र बिक्रीदर ८७ रुपैयाँ ११ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ५७ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ४० पैसा र बिक्रीदर १०३ रुपैयाँ ८४ पैसा निर्धारण भएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ २७ पैसा र बिक्रीदर नौ रुपैयाँ ३१ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १८ पैसा र बिक्रीदर १९ रुपैयाँ २६ पैसा, साउदी रियाल एकको खरिददर ३७ रुपैयाँ २५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ३३ पैसा र बिक्रीदर ३८ रुपैयाँ ५० पैसा कायम भएको बैङ्कले जनाएको छ।

थाई भाट एकको खरिददर चार रुपैयाँ ०८ पैसा र बिक्रीदर चार रुपैयाँ १० पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ०३ पैसा र बिक्रीदर ३८ रुपैयाँ २० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ३१ पैसा र बिक्रीदर ३१ रुपैयाँ ४४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५६ पैसा र बिक्रीदर नौ रुपैयाँ ६० पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ९९ पैसा र बिक्रीदर १३ रुपैयाँ ०५ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४४ पैसा र बिक्रीदर १९ रुपैयाँ ५२ पैसा तोकिएको छ।

# मल्टी स्टार फिल्ममा अल्लु अर्जुनले सलमानलाई गरेका हुन् रिप्लेस ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ फागुन**



बलिउडका भाइजान उर्फ सलमान खानलाई ठुलो झट्का लागेको छ। निर्देशक एटलीले आफ्नो आगामी फिल्ममा अब उनको ठाउँमा दक्षिण भारतीय अभिनेता अल्लु अर्जुनलाई कास्ट गर्न लागेका छन्। यो फिल्ममा एक होइन तीन अभिनेत्रीहरू देखिनेछन्।

सलमान खानको हातबाट किन खोसियो यो फिल्म ? ६०० करोड हुनेछ फिल्मको बजेटः पिपिङ मुनको हालैको रिपोर्ट अनुसार बलिउडका दिग्गज अभिनेता सलमान खान निर्देशक एटली कुमारको आगामी फिल्ममा देखिने छैनन्।

यो फिल्ममा अब अभिनेता सलमानको सट्टा पुष्पा फेम अल्लु अर्जुनलाई कास्ट गरिनेछ। यो एक्सन फिल्म पुनर्जन्मको विषयवस्तुमा आधारित हुने र यसको बजेट ६०० करोड भारु हुने रिपोर्टमा बताइएको छ। पहिला एटलीले यो फिल्ममा सलमानलाई खेलाउन चाहेका थिए। तर अब उनले आफ्नो मन परिवर्तन गरेका छन्।

रिपोर्टका अनुसार सलमानका पछिल्ला फिल्महरूको प्रदर्शनका कारण एटलीले उनलाई यति ठुलो फिल्ममा नराख्ने निर्णय गरेका हुन्। फिल्म मल्टी-स्टारर हुनेछ । यसलाई सन पिक्चर्सले पनि पैसा लगाउने योजना बनाइरहेको बताइएको छ । पहिले निर्देशकले यो फिल्म सलमान खान र रजनीकान्तलाई लिएर बनाउन चाहेका थिए। अब आफ्नो योजना परिवर्तन गर्दै, एटलीले अल्लु अर्जुनलाई कास्ट गरेका छन्। उनले अर्को अभिनेता खोजिरहेको बताइएको छ।

# केपी ओली कप फाइनल : दर्शक धेरै देखाउने लोभमा व्यवस्थापनको विजोग

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ फागुन**



काठमाडौंमा जारी केपी ओली कप फुटबल प्रतियोगिताको फाइनल खेल आज हुँदैछ। साँझ ६ बजेदेखि हुने फाइनल हेर्न दर्शकहरू दिउँसो १ बजेदेखि नै रंगशाला पुगेका छन् । तर फाइनल खेलको व्यवस्थापनमा भने विजोग दृश्य देखिएको छ । रंगशालाको क्षमताभन्दा धेरै बढी पासहरू बाँडेका कारण रंगशाला दिउँसै भरिँदा अझै पनि धेरै दर्शकहरू रंगशाला बाहिर छन् भने सञ्चारकर्मीहरूलाई पनि भित्र जान दिइएको छैन।

रंगशाला प्रवेश गर्ने सबै गेटहरूमा सुरक्षाकर्मी खटाइएको छ । पास भएर पनि भित्र जान नपाउँदा दर्शकहरू आक्रोशित छन् भने सञ्चारकर्मीहरूलाई पनि आयोजकले केही जानकारी नगराएको भन्दै बाहिरै रोकिएको छ। केही सञ्चारकर्मीहरू धकेलाधकेलकै बीचमा भित्र प्रवेश गरेका छन् । उनीहरूलाई प्रहरीले धकेलाधकेल गर्दै दुःख दिएको बताइरहेका छन् । मैदानभित्रको माहोल ठिकै देखिएपनि बाहिरको दृश्य भने विपरित छ। रंगशाला बाहिर ठुलो संख्यामा सुरक्षाकर्मी खटाइएको छ। दर्शकहरू पनि बाहिरै छन् । त्यही भीडले गर्दा सञ्चारकर्मीहरूले पनि प्रवेश पाएका छैनन् । सुरक्षाकर्मीले रंगशाला भरिइसकेको भन्दै सबैलाई मनाही गरिरहेका छन्। यसबारेमा आयोजकले पनि कुनै चासो नदिएको गुनासो आइरहेको छ। त्यस्तै सञ्चारकर्मीलाई दिइने प्रवेशबारे पनि सुरक्षाकर्मी र आयोजकका बीचमा तालमेल नमिलेको देखिएको छ। एक सञ्चारकर्मीले दर्शकहरू खेलभन्दा पनि खेलपछि हुने कन्सर्टका लागि आएको र आयोजकले पनि क्षमताभन्दा निकै बढी पास बाँडेको दाबी गरेका छन्।




बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल





सोनमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# सामाजिक सञ्जाल विधेयकको नियत

-नागरिकको मानहानि वा चरित्रहत्या र सरकारको दमनकारी वा निरंकुश प्रयास, दुवै लोकतन्त्रको दुरुपयोग हो । सामाजिक सञ्जाल नियमनको बहाना बनाएर सरकारले नागरिकका संविधानप्रदत्त मौलिक अधिकारमा नियन्त्रणको सुर्कनी कस्ने दुश्चेष्टा गर्न खोजियो भने त्यो केवल अनिष्ट निम्त्याउने असंवैधानिक धृष्टता हुनेछ । नेपालमा सूचना प्रविधिको तीव्र व्यावसायिक विकास सँगसँगै सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मको उपयोगले लोकतन्त्रको इन्द्रियका रूपमा अभूतपूर्व व्यापकता लिएको छ । केही महिनाअघि बंगलादेशमा प्रधानमन्त्री शेख हसिना वाजेदको सरकार गिराएको आन्दोलन (२०२४), हङकङको लोकतान्त्रिक आन्दोलन (२०१९), 'अरब जागरण' नामक इजिप्ट, ट्युनिसिया र लिबियामा शासनविरुद्धको आन्दोलन (२०१०-११) का लागि सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मको सशक्तताको उदाहरण मानिन्छ ।

अर्कातिर, यो दुईधारे तरबार हो । जसको दुरुपयोगबाट 'सिकारी नै सिकार' हुने खतरा रहेकाले दुरुपयोग नगर्ने जिम्मेवारी पनि हरेक उपयोगकर्तामा हुनु जरुरी छ । सार्वजनिक भनाइ वा लेखाइमा एउटा अक्षर गलत परेमा अर्थको अनर्थ लाग्दछ, विकास विनाश हुन पुग्छ । सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मको सदुपयोग उत्तेजना र आवेग होइन, विवेक फैलाउने कसीमा हेर्नु न्यायोचित हुन्छ । यसरी हेर्दा नेपालमा दुरुपयोगको रोग, विकृति र विसंगति चिन्ताजनक रूपमा बढिरहेको छ । साइबर अपराध ब्युरोमा ठगी, बेइमानी, गाली-बेइज्जती, चरित्रहत्या, पारिवारिक मनमुटाव तथा कलह र मानहानिका उजुरीको संख्या दिनहुँ बढिरहेको छ । बेनामी वा छद्मनाममा अराजकता, भ्रम र अतिशयोक्ति फैलाउनमा दण्डहीनताले उन्मुक्ति पाइरहेको छ ।

इन्टरनेटको चोरी उपयोग (साइबर बुलिङ), अरूको साइबर दुरुपयोग (साइबर स्टकिङ), यौनिक सामग्रीको अपराधपूर्ण दुरुपयोग (सेक्स्टोर्सन), बदनामीको डर देखाई जबर्जस्ती रकम असुल्ने (एक्सटोर्सन), बीभत्स तस्बिर, श्रव्य वा दृश्यको आपराधिक दुरुपयोग, आर्टिफिसियल इन्टेलिजेन्ससमेतको प्रयोगले व्यक्तिको चरित्रहत्या, उत्तेजनात्मक भ्रम, बदनामी, वास्तविकताविपरीतको द्वेषपूर्ण कथन (हेट स्पिच), 'डिप फेक' जस्ता फौजदारी अपराधजन्य क्रियाकलापले सञ्जाललाई न्यायपूर्ण सामाजिक पद्धति, नागरिकको नैतिक जीवन, मानवीय मर्यादालाई क्षति पुर्‍याउँदै अपराधलाई स्तुत्य बनाउन दुरुत्साहन गरेको देखिन्छ । लोकतन्त्र, निर्बाध नागरिक स्वतन्त्रता हो तर छाडावाद वा अराजकतावाद होइन । प्रत्येक व्यक्तिलाई सडकमा हात हल्लाएर हिँड्ने स्वतन्त्रता हुन्छ भन्नुको अर्थ अर्को व्यक्तिको नाकमा हात ठोक्काउन नपाइने हदसम्म हो । दुरुपयोगले गर्दा सामाजिक सञ्जालको साख, विश्वसनीयता र जनभरोसामा गम्भीर स्खलन आइरहेको तथ्यउपर निराकरणको न्यायोचित उपायको आवश्यकता छ ।

यसलाई नियमन जरुरी छ । तर, अभिव्यक्तिसम्बन्धी संवैधानिक हकलाई कुण्ठित वा निरुत्साहित गर्ने हदमा हुनै सक्दैन । सामाजिक सञ्जाल नियमनको बहाना बनाएर सरकारले नागरिकका संविधानप्रदत्त मौलिक अधिकारमा नियन्त्रणको सुर्कनी कस्ने दुश्चेष्टा गर्न खोजियो भने त्यो केवल अनिष्ट निम्त्याउने असंवैधानिक धृष्टता हुनेछ । सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मलाई नागरिकको वाक् तथा अभिव्यक्ति स्वतन्त्रतालाई अझ जिम्मेवार, जवाफदेही, समझदारी र इमानदारीयुक्त न्यायोचित व्यवस्था बनाउने सरकारको कर्तव्य हो । निश्चित



आचारसंहिता, व्यावसायिक धर्म र मानवीय जिम्मेवारी सञ्चारमाध्यमसँग सदैव हुनुपर्ने पक्षहरू हुन् । तर, यसैको बहानामा सरकारले निरंकुश र दमनकारी बाटो अपनाउने कानुन तर्जुमा गर्नु हुँदैन । २०४६ को जनआन्दोलनपछि सञ्चार जगत्मा आएको क्रान्तिकारी परिवर्तन, अभूतपूर्व विकास र स्वतन्त्रता लोकतन्त्रकै देन हो । यसलाई राज्य वा कतै-कसैबाट नियन्त्रण गर्ने धृष्टता अभिशापसिद्ध हुनेछ । आधुनिक लोकतान्त्रिक शासनको शैली मुख्य रूपमा जनतामाथि निर्णय लाद्नु होइन, जनतालाई मनाउनु हो । यसमा भौतिक बलको भन्दा नैतिक र वैचारिक अभियानको भूमिका सार्थक हुन्छ । नागरिकको मानहानि वा चरित्रहत्या र सरकारको दमनकारी वा निरंकुश प्रयास, दुवै लोकतन्त्रको दुरुपयोग हो । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्म सत्तालाई चुनौती दिन र उसका अन्यायपूर्ण प्रयासलाई विफल बनाउन चेष्टारत अभियन्ताहरूको हातमा शक्तिशाली उपकरणका रूपमा क्रियाशील हुन्छ । डिजिटल युगका यस्ता चुनौतीलाई स्वतन्त्रता र नियन्त्रणबीचको सिमानालाई सार्थक सन्तुलनमा विकसित गर्न सक्ने शासकीय कुशलताबाटै यसको प्रभावकारिता प्रमाणित हुन्छ । लोकतन्त्रमा सञ्चारमाध्यमले कदाचित विपक्षीको अस्तित्वलाई बढ्ता आलोकित गरिरहेको हुन्छ । किनकि सत्य अल्पमतमा पनि हुन्छ भन्ने मान्यता लोकतन्त्रले बोकेको हुन्छ । यसबारे सत्तासीनहरू अनावश्यक तरिकाले क्रुद्ध हुनु र नागरिकउपर दमनको मनोवृत्ति लिनु सर्वथा खेदजनक हुनेछ । यसै सिलसिलामा सरकारले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने विधेयक राष्ट्रिय सभामा पेस गरेको छ । यसले २०७२ माघ २१ मा सर्वोच्च अदालतले जारी गरेको निर्देशनात्मक आदेश र विद्युतीय कारोबार कसुरमा २०७३ असार २६ को फैसला र व्याख्यालाई आत्मसात् गरेको हुनुपर्छ । विधेयकमा सामाजिक सञ्जालको दुरुपयोग वा फौजदारी अभियोग लाग्ने र सरकार वादी हुनेसम्मका परिभाषा तथा प्रावधानहरू छन् । सामाजिक सञ्जालबाट पीडित भएकाको हक, हित, न्याय र क्षतिपूर्तिका लागि द्रुत प्रतिकार्य समूह (र्‍यापिड रेस्पोन्स टिम) गठन गर्ने व्यवस्था छ ।

साभार : कान्तिपुर ।


पत्रिका/पेपर

कम्प्यूटराईज गराउन सम्झनुहोस्।





सम्पर्क -: दिलीप कुमार साह :-

मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला


# सहयोगी सामग्री जसोधाका लागि वरदान

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १९ फागुन**

सबैला बजार क्षेत्रमै स्थापित श्रीरामप्रसाद मावि परिसरको दक्षिण पश्चिम कुनामा ह्विलचेयर राखिएको छ । ह्विलचेयरमा आएकी १० वर्षीया जसोधा कुमारी यादव कक्षा कोठामा बसेकी छिन् । कक्षा ४ मा अध्ययनरत्त जसोधा जन्मदेखि नै अशक्त छिन् । आफ्नो खुट्टामा हिड्न नसकेकी उनलाई बहिनी रेखा कुमारी यादवले ह्विलचेयरमा विद्यालयसम्म आउन सहयोग गर्ने गरेकी छिन् । रेखा पनि कक्षा ४ मै पढ्छिन् । जसोधालाई ह्विलचेयरबाट उचाईमा रहेको कक्षाकोठासम्म जान पनि समस्या भएको छ । उठाएर माथि बरण्डामा ल्याउन सर(शिक्षक)हरुले सहयोग गरेको रेखाले सुनाइन् ।खाजा, पानी ल्याइदिनेदेखि किताब, झोला व्यवस्थापनमा पनि रेखाको सहयोग छ । शारिरिक रुपले अशक्त जसोधालाई खडा हुनका लागि अरुको सहारा लिनुपर्ने बाध्यता छ ।सहयोगी सामग्री उपलब्ध भएदेखि जसोधा विद्यालयमा नियमित रहेको शिक्षक सुरेश यादवले बताए । उनका अनुसार केही महिनादेखि जसोधा विद्यालयमा नियमित छिन् । सिकाई उपलब्धी सामान्य विद्यार्थी जस्तो नरहेपनि सिक्ने जसोधाको मानसिकता रहेको शिक्षक यादवले थपे । बैदेशिक रोजगारमा रहेका जसोधाका बुवा राजाराम यादव सहयोगी सामग्री प्राप्त भएदेखि छोरीलाई नियमित विद्यालय पठाउने गरेको सुनाए । तीन बहिनीमा जेठी रहेकी जसोधाको भाइ परविन्द्र यादवको विद्यालय जाने उमेर भइसकेको छैन् । आर्थिक अभावमा समयमै उपचार गराउन नसकेर जसोधा अशक्त भएकी सुनाउँदै बुवा



राजारामले अब भने नियमित विद्यालय पठाउने बताए । आफू नहुँदा आमा रिता देवी यादवले पनि जसोधालाई ह्विलचेयरमा विद्यालयसम्म छाड्ने गरेकी छिन् ।अक्सर बिना काम खाली समय कटाउँदै आएकी जसोधा अब घरमा पनि पढ्ने गरेकी छिन् ।मानसिक तथा शारिरिक अपाङ्गता भएकी जसोधा बिहान १० बजे विद्यालय पुग्ने गरेकी छिन् । कुनै कुरमा ध्यान दिन नसक्ने, स्थिर भएर नबस्ने, आवेगमा उसको सामु जे छ फँयाक दिने जस्ता अस्वभाविक व्यवहार थियो उनको । तर, व्यवहारमा पनि परिवर्तन देखिएको जसोधाका सहपाठीहरु सुनाउँछन् । "अहिले हाम्रो कुरा सुन्छ, निर्देशन मान्छ, ऊ आफै शौच जाने, नुहाउने र ब्रस गर्ने गर्न," बुवा राजारामले सुनाए "नेपाली बर्णमालाका केही अक्षर चिन्न सक्ने भएको छ। सबैला नगरपालिका-२ का राजाराम यादवको जेठी छोरी जसोधालाई विद्यालयमा नियमित हुन आसमान नेपालको भूमिका कम छैन् । प्लान इन्टरनेशनल नेपालको आर्थिक एवम् प्राविधिक सहयोगमा आसमान नेपालले संचालन गरेको बालविवाह न्युनिकरण परियोजना अन्तर्गत जसोधालाई विद्यालय जानका लागि ह्विलचेयरसहित पोशाक, शैक्षिक सामग्री उपलब्ध गराएको छ। सहयोगी सामग्रीको उपलब्धता हुँदा आफूहरुपनि जसोधालाई विद्यालय पठाउन हौसिएको बुवा राजारामले सुनाए । जन्मैदेखि अपांगता रहेकी जसोधालाई विद्यालयका सहपाठी र शिक्षकबाट सहयोग प्राप्त हुने गरेपनि संरचनाले अप्ठ्यारो भएको छ ।उक्त विद्यालयको कक्षाकोठाहरु अपांग मैत्री नहुँदा जसोधालाई ह्विलचेयर लिएर कक्षाकोठासम्म जान समस्या भएको छ। पुरानो भवनहरु अपांग मैत्री नरहेको विद्यालयका प्रअ सुरेन्द्र यादवले बताए । विद्यालयमा १० जना अपांगता भएका विद्यार्थीहरु अध्ययनरत्त छन् ।

# जलेश्वरमा पुनः सल्बलायो मणिपाल, स्टाफ भवन, मुख्यद्वार र गार्ड भवनको शिलान्यास

**आरजे इर्शाद शेख**
**महोत्तरी, १९ फागुन**

नेपाल मणिपाल एजुकेसन एन्ड मेडिकल ग्रुप जलेश्वरमा पुनः सल्बलाएको छ ।

पछिल्लो समय सांसद डा. अमरेश सिंहले सदनमै चर्चा गरेको बतास ग्रुप अधीनस्त नेपाल मणिपालले स्टाफ भवन, मुख्यद्वार र गार्ड भवनको सोमबार शिलान्यास गरेको हो। जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार र नेपाल मणिपाल एजुकेसन एन्ड मेडिकल ग्रुपका योजना प्रमुख सञ्जय गुप्ताले सोमबार संयुक्त रूपमा पूजा गरी योजनाको शिलान्यास गरेका हुन्। शिलान्यासपश्चात् योजना प्रमुख गुप्ताले काम सुरु भैसकेपछि स्टाफहरू बस्न आवश्यक भौतिक संरचना जस्तै, मुख्यद्वार, स्टाफ तथा गार्ड भवन बनाउन लागेको बताए। उनले तीन महिनाभित्र यी संरचना तयार भैसक्ने बताए। मेडिकल कलेज



कहिले बन्ने भन्ने जिज्ञासामा उनले अनुमति प्राप्त गर्न मेडिकल कलेज बन्नुभन्दा पहिले अस्पताल बनाउनुपर्ने बताए। अस्पतालको लागि नक्सा प्रक्रियामा रहेको उनको भनाइ छ। उनले तीन सय शय्याको अस्पताल प्रपोज भएको र त्यसकै प्रक्रिया चलिरहेको बताए ।

जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले समेत पटक-पटक आफू पोखरा नै पुगेर कुरा राखिसकेको बताउँदै नगरपालिकाको तर्फबाट मेडिकल कलेज स्थापनार्थ पूर्ण दबाब सिर्जना गरिरहेको बताए। उनले हाललाई तीन सय शय्याको अस्पताल सञ्चालनकै लागि प्रक्रिया चलेको जानकारी पाएको बताए। सोही थप संरचनासहित मेडिकल कलेजमा रूपान्तरण हुने आशा व्यक्त गरे। जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष शिवचन्द्र चौधरीले पटक-पटक जलेश्वर र यस भेगका जनता ठगिएकोमा यसपटक आफूहरूले पूर्ण निगरानी राखिरहेको बताए। उनले मणिपालले पूर्वतयारीअनुरूप गेट र भवनहरू निर्माण थाल्नु सकारात्मक रहेको थपे ।

जलेश्वरमा वर्षौं पहिले कम मूल्यमा यहाँको ३५ बिघाभन्दा बढी जग्गा मणिपालले खरिद गरेर राखेको छ। निर्वाचनताका नेताहरूले समेत मणिपाललाई चुनावी प्रतिबद्धतापत्रमा प्राथमिकतासाथ स्थान दिएका थिए ।


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday